apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः १८५ ● पृष्ठः ४ ● ०६ साउन २०८३ बुधबार (22 July 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




मधेश प्रदेशमा सवारी कर हेरफेर, विद्युतीय सार्वजनिक सवारीलाई ५० प्रतिशत छुट

# अलपत्र त्रिशुला पुलको विकल्पः प्रहरी-स्थानीयले एकै दिनमा बनाए अस्थायी पुल

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०५ गते**

सिरहाको दक्षिणी सीमावर्ती बरियारपट्टी गाउँपालिका-२ र ३ लाई जोड्ने त्रिशुला खोलाको पुल निर्माण व्यवसायीले करिब चार वर्षदेखि अलपत्र छोडेपछि आवागमन सहज बनाउन प्रहरी र स्थानीय बासिन्दाले मिलेर अस्थायी पुल निर्माण गरेका छन्।

इलाका प्रहरी कार्यालय महेशपुर पतारका प्रमुख प्रहरी निरीक्षक विशाल मल्लको पहलमा प्रहरी र स्थानीयको सहकार्यबाट अलपत्र पुलका निर्माण सामग्री प्रयोग गरी सोमबार अस्थायी पुल निर्माण गरिएको हो। अस्थायी पुल सञ्चालनमा आएपछि मनसुनका कारण प्रभावित भएको आवतजावत पुनः सहज भएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक वासुदेव पाठकका अनुसार बरियारपट्टी-मेदिनीपुर भित्री सडकखण्डअन्तर्गत बरियारपट्टी-२ श्रीपुर र वडा नं. ३



बलुवाबीच पर्ने त्रिशुला खोलामा वर्षायाममा आउने बाढीका कारण स्थानीयले सास्ती खेप्दै आएका थिए। अस्थायी पुल निर्माणपछि वर्षासँगै ठप्प बनेको सडक पुनः सञ्चालनमा आएको उनले बताए।

प्रहरी निरीक्षक मल्लका अनुसार आइतबार राति सुरक्षा गस्तीका क्रममा त्रिशुला खोलामा आएको बाढीका कारण प्रहरी टोलीले खोला पार गर्न नसकेपछि पतारी बजार र सुखीपुर हुँदै करिब १५ किलोमिटर घुमेर गन्तव्य पुग्नुपरेको थियो।

'हामीलाई त एक रात समस्या भयो, तर दैनिक यही बाटो हिँड्ने स्थानीयको दुःख झन् ठूलो रहेछ,' उनले भने, 'त्यसैले भोलिपल्ट नै स्थानीयसँग सहकार्य गरेर एकै दिनमा अस्थायी पुल निर्माण गर्यौं।'

पुल अभावका कारण मेदिनीपुर

बाँकी पृष्ठ ३ ▸▸

## मिटरब्याज पीडितसँग सरकारले सम्झौता गरेपछि साहु-महाजन पनि सडकमा उत्रिए




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ०५ गते**

मिटरब्याज पीडितसँग सरकारले ९ बुँदे सहमति गरेको विरोधमा ऋण लगानी गर्ने साहु-महाजनहरू सडकमा उत्रिएका छन्। सरकारले मिटरब्याज पीडितसँग गरेको ९ बुँदे सम्झौता खारेज हुनुपर्ने माग गर्दै मंगलबार साहुहरूले जनकपुरमा प्रदर्शन गरेका हुन्।

पीडित लेनदेन संघर्ष समितिको ब्यानरमा साहुमहाजनहरू एकीकृत भएर प्रदर्शन गरेका छन्। 'गृहमन्त्री राजीनामा दे', '९ बुँदे सम्झौता खारेज गर' लगायतका नारा लगाउँदै साहुहरू जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, अदालतअगाडि प्रदर्शन गरेका हुन्।

प्रदर्शनमा रहेका एकजना साहु राजकिशोर साहले गृहमन्त्री सुधन गुरुङ र सरकार कानुनविपरीत मिटरब्याज पीडित भनिएकासँग एकतर्फी सम्झौता गरेको दाबी गरे। एकतर्फी सम्झौता गरेर आफूहरूलाई सरकारले थप पीडित बनाएको उनको तर्क छ।

# जनकपुरमा मिर्गौला रोग उपचार केन्द्र स्थापना गर्न अध्ययन समितिको सिफारिस

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०५ गते**

मधेश प्रदेशमा विशेषज्ञ मिर्गौला उपचार सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले गठित सम्भाव्यता अध्ययन समितिले जनकपुरधाममा मिर्गौला रोग उपचार केन्द्र स्थापना गर्न सिफारिस गरेको छ।

समितिले प्राविधिक, पूर्वाधार, जनशक्ति, आर्थिक तथा सामाजिक पक्षको अध्ययनपछि संघ र प्रदेश सरकारको सहकार्यमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरबाट केन्द्र सञ्चालन गर्न उपयुक्त हुने निष्कर्ष निकालेको हो।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले गठन गरेको सम्भाव्यता अध्ययन समितिले तयार पारेको प्रतिवेदनमा धनुषाको जनकपुरधाम उपमहानगरपालिका मुजेलियामा सार्वजनिक मोडल अन्तर्गत मिर्गौला रोग उपचार केन्द्र स्थापना गर्ने प्रस्ताव गरिएको छ।



प्रस्तावित केन्द्रलाई मध्यमकालीन (६-१० वर्ष) परियोजनाका रूपमा अघि बढाउने तथा स्वास्थ्य क्षेत्रअन्तर्गत सामाजिक क्षेत्रको प्राथमिकता प्राप्त आयोजनाका रूपमा कार्यान्वयन गर्ने उल्लेख गरिएको छ।

नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रममा क्यान्सर तथा मिर्गौला प्रत्यारोपणजस्ता जटिल उपचार सेवालाई प्रदेशस्तरमा विस्तार गर्ने लक्ष्यअनुसार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले वरिष्ठ कन्सल्टेन्ट नेफ्रोलोजिस्ट डा. विक्रम वीर वज्राचार्यको संयोजकत्वमा सम्भाव्यता अध्ययन समिति गठन गरेको थियो।

समितिमा डा. कल्पना कुमारी श्रेष्ठ, डा. धिरज नारायण मानन्धर, डा. हेमन्त चन्द्र ओझा तथा मन्त्रालयका उपसचिव ईश्वरीप्रसाद ढकाल (सदस्य-सचिव) रहेका थिए।

समितिले मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, बर्दिबास नगर अस्पताल, गजेन्द्र नारायण सिंह अस्पताल, रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल, प्रादेशिक अस्पताल मलंगवा तथा नारायणी अस्पतालको स्थलगत अध्ययन, सरोकारवालासँग छलफल र प्राविधिक मूल्याङ्कनपछि प्रतिवेदन

बाँकी पृष्ठ ३ ▸▸

# शिक्षा र स्वास्थ्यमा कर लगाउने आफ्नै निर्णयबाट पछि हट्नुपर्ने बालेन सरकारका यी हुन् बाध्यता

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०५ गते**



कार्यान्वयनको दुई दिनमै शिक्षा र स्वास्थ्यको ३ प्रतिशत कर फिर्ता भएको छ। सरकारले समता शुल्कका नाममा निजी विद्यालय र निजी अस्पतालबाट सेवाग्राहीबाट अतिरिक्त ३ प्रतिशत कर उठाउने निर्णय गरेको थियो।

१५ जेठ २०८३ मा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेटमार्फत आमसर्वसाधारणको प्रत्यक्ष दैनिकीसँग जोडिने क्षेत्र शिक्षा र स्वास्थ्यमा अतिरिक्त ३ प्रतिशत कर लगाउने घोषणा गरे। तर, १ साउन २०८३ बाट कार्यान्वयनमा आएको यो कर नीति दुईदिन पनि टिक्न सकेन।

शुक्रबारदेखि कार्यान्वयनमा आएको शिक्षा र स्वास्थ्य सेवामा अतिरिक्त ३ प्रतिशत शुल्क मंगलबार नहुँदै खारेजीमा परेको छ। प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) ले फेसबुक स्टाटसमार्फत शिक्षा र स्वास्थ्यमा लगाइएको कर तत्काल लागू नहुने घोषणा गरेका छन्। यस विषयमा अपन दैनिकसँग कुरा गर्दै पूर्वअर्थमन्त्रीसमेत रहेका विज्ञ डा. रामेश्वर खनालले सरकारको कमजोरीको उपज भनेका छन्।

'नीति बनाउने अनि कार्यान्वयनमा जान नपाउँदै फिर्ता गर्नुपर्ने बाध्यता किन पर्‍यो ? कार्यान्वयन गर्न सकिने थिएन भने किन नीति बनाइयो ?,' खनालले प्रश्न गरे।

बालेन नेतृत्वको रास्वपा सरकारको काम कारबाहीमा प्रायः मौन बस्ने गरेका पूर्वमन्त्री खनालले सरकारको पछिल्लो निर्णयलाई अपरिपक्वताको उदाहरणका रूपमा औंल्याएका छन्।

यस्तै भनाइ अर्थविद् डा. डिल्लीराज खनालको पनि छ। उनले भने, 'शिक्षा र स्वास्थ्यमा अतिरिक्त ३ प्रतिशत कर लगाउने सरकारको निर्णय अपरिपक्व, जनताको अभिमत र वास्तविक धरातलविपरीतको निर्णय थियो। यो गलत थियो, खारेज भयो, राम्रो भयो।'

बाँकी पृष्ठ ४ ▸▸

## नहरको निकास थुन्दा डुब्यो डरौल गाउँ, २०० बिघा खेत जलमग्न



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०५ गते**

सिरहाको कल्याणपुर नगरपालिका-४ डरौलमा करिब २० वर्षदेखि वडा कार्यालय अगाडिबाट बग्दै आएको नहरको पानीको निकास करिब २५ दिनअघि बन्द गरिएपछि सिंगो गाउँ नै डुबान भएको छ।

बाँकी पृष्ठ ४ ▸▸






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### मधेशमा रोजगारी सिर्जना गर

गत आर्थिक वर्ष २०८२/८३ मा वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकले मधेश प्रदेशमा रोजगारीको अवस्थाको विषय उजागर गरेको छ। देशभरबाट वैदेशिक रोजगारीमा जाने श्रमिकमध्ये सबैभन्दा धेरै धनुषाबाट ३८ हजार ५ सय ५३ जना श्रम स्वीकृति लिएर विदेशिएका छन्। त्यसपछि झापा, मोरङ, सिरहा, महोत्तरी, सर्लाही र सप्तरीजस्ता जिल्लाहरूको नाम अग्रस्थानमा छ। विशेष गरी धनुषा, सिरहा, महोत्तरी, सर्लाही र सप्तरीजस्ता मधेश प्रदेशका जिल्लाबाट ठूलो संख्यामा युवाहरू रोजगारीको खोजीमा विदेशिनु प्रदेशको आर्थिक र सामाजिक अवस्थाको स्पष्ट संकेत हो। वैदेशिक रोजगारीले लाखौं नेपाली परिवारको जीवनस्तर उकास्न योगदान दिएको छ। रेमिटेन्सले राष्ट्रिय अर्थतन्त्र धानेको छ, विदेशी मुद्रा सञ्चितिमा टेवा पुर्‍याएको छ र धेरै परिवारलाई गरिबीबाट माथि उठाएको पनि सत्य हो। तर, यही उपलब्धिको पछाडि एउटा पीडादायी यथार्थ लुकेको छ। आफ्नै गाउँ र शहरका उत्पादनशील युवाहरू आफ्नो भविष्य खोज्न विदेशिन बाध्य छन्। यो बाध्यता अवसरको होइन, विकल्पको अभावको परिणाम हो।

मधेश प्रदेश कृषि, उद्योग, व्यापार र श्रमशक्तिको दृष्टिले अत्यन्त सम्भावना बोकेको प्रदेश हो। उर्वर भूमि, सीमापार व्यापारको सहज पहुँच, पर्याप्त जनशक्ति र बजारको उपलब्धताका बाबजुद यहाँ रोजगारी सिर्जना गर्ने उद्योगधन्दा न्यून छन्। कृषिमा आधुनिकीकरण हुन सकेको छैन, कृषि उत्पादनको प्रशोधन उद्योगको विकास हुन सकेको छैन। औद्योगिक क्षेत्रहरू पूर्ण रूपमा सञ्चालनमा आउन सकेका छैनन्। फलतः पढेका वा सीप भएका युवा पनि आफ्नै ठाउँमा सम्मानजनक रोजगारी नपाएर विदेश जाने निर्णय गर्न बाध्य छन्। सबैभन्दा चिन्ताको विषय के हो भने वैदेशिक रोजगारी अब विकल्पभन्दा बाध्यता बन्दै गएको छ। गाउँमा खेती गर्ने हात घट्दै गएका छन्। स्थानीय उद्योग सञ्चालन गर्न दक्ष जनशक्ति अभाव हुन थालेको छ। परिवार विखण्डित भइरहेका छन्। वृद्ध र बालबालिका मात्र गाउँमा बाँकी रहने अवस्था बढ्दै गएको छ। विदेशमा दुर्घटना, श्रम शोषण, मानसिक तनाव र ज्यान गुमाउने घटनाहरू पनि उत्तिकै दुःखद छन्।

अब मधेश प्रदेश सरकारले रोजगारी सिर्जनालाई विकास नीतिको केन्द्रमा राख्नैपर्छ। कृषि आधारित उद्योग, खाद्य प्रशोधन उद्योग, दुग्ध, माछापालन, तरकारी, फलफूल र अन्य कृषि उत्पादनमा मूल्य अभिवृद्धि गर्ने उद्योग स्थापना गर्न प्रोत्साहन दिनुपर्छ। साना तथा मझौला उद्योगमा सहुलियत ऋण, कर छुट, औद्योगिक पूर्वाधार र लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक छ। सीमावर्ती जिल्लामा विशेष आर्थिक क्षेत्र, औद्योगिक करिडोर र व्यापारिक केन्द्रहरूको विकास गर्न सके हजारौं युवाले आफ्नै प्रदेशमा रोजगारी पाउन सक्छन्।

स्थानीय तहहरूले पनि रोजगारमूलक कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ। सीपमूलक तालिमलाई बजारको मागसँग जोड्नुपर्छ। युवा उद्यमशीलतालाई प्रोत्साहन गर्ने नीति, स्टार्टअप प्रवर्द्धन, सहकारी र निजी क्षेत्रसँग साझेदारी गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने वातावरण बनाउनुपर्छ। धनुषा, सिरहा, महोत्तरी, सर्लाही र सप्तरीबाट हजारौं युवा विदेशिनु तथ्यांक होइन, यो मधेशको विकास मोडलमाथिको प्रश्न हो। यदि यही अवस्था कायम रह्यो भने प्रदेशको उत्पादन, कृषि, सामाजिक संरचना र दीर्घकालीन विकासमा गम्भीर असर पर्नेछ। त्यसैले अब रेमिटेन्समा मात्र निर्भर हुने अर्थतन्त्रबाट उत्पादन, उद्योग र उद्यममा आधारित अर्थतन्त्रतर्फ अघि बढ्ने। मधेशका युवाले आफ्नो भविष्य खोज्न विदेशी भूमिमा पसिना बगाउनुपर्ने होइन, आफ्नै माटोमा सम्मानजनक रोजगारी र उद्यम गर्ने अवसर पाउनुपर्छ। त्यसका लागि प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र संघीय सरकार सबैले समन्वित रूपमा रोजगारी सिर्जनालाई सर्वोच्च प्राथमिकता दिनु आजको अपरिहार्य आवश्यकता हो। रोजगारीलाई केन्द्रमा राखेर तीन तहको सरकारले काम्क गर्नु पर्छ। जसले मधेश प्रदेशमा युवा पलायनको अवस्थामा केही हदसम्म न्यूनीकरण गर्न सकिन्छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

# नेपालबाट निर्यात भएको जेन-जी आन्दोलन

**चौबीस घण्टाभित्रै उथलपुथल गरिदिएको यहाँ जेन-जी आन्दोलनबारे भारतीयमा कापफी चासो थियो/छ। रास्वपाको जित र बालेन्द्र शाहको प्रधानमन्त्रीत्वलाई त्यहाँ सरकारका आलोचकले केही समय भ्रमपूर्ण कुरासमेत समेटेर भाइरल बनाएका पनि थिए।**



**सुजित महत**

नेपालको भदौ २३-२४ को घटनाबाटै भारतीय सरकार झस्किएको थियो। विमानमार्फत भारतमा उत्रिने नेपालीलाई एयरपोर्टको अध्यागमनमा चेकजाँच/सोधपुछमा कडाइ थियो। राजनीतिक व्यक्ति/रातो पार्सपोर्टबाहकलाई त झन् गाह्रो थियो। भारत सरकारले नेपाली दूतावासलाई भारत आउने राजनीतिक व्यक्तिहरूलाई भारतमा राजनीतिक कुरा नगर्न, सामाजिक सञ्जालमा पोस्ट नगर्न 'काउन्सिलिङ' गर्दिनु नै भनेको थियो। यस्ता व्यक्तिहरू एयरपोर्टमा उत्रिएपछि अध्यागमनले दूतावाससँग सम्पर्क गरी पहिले त ती व्यक्तिबारे जानकारी लिन्थ्यो। उसको विवरणहरू 'भेरिफाइ' गर्थ्यो। भारतमा रहँदा अपनाउनुपर्ने सतकर्ताबारे सचेत गराइदिन भन्थ्यो। दूतावासका अधिकारीले फोनमै भारत सरकारले नगर्न भनेका कुरा भन्दिएपछि बल्ल छुटकारा दिन्थ्यो।

यही प्रक्रियाका क्रममा त्यति वेलाका निवर्तमान मन्त्रीहरू देवेन्द्र दाहाल, अजय चौरसिया मात्र होइन भारतमै 'हाइप्रोफाइल'हरूसँग नाता सम्बन्ध गाँसिएका पशुपतिशमशेर राणाले समेत दिल्ली विमानस्थलमा घण्टौं रोकिनुपरेको थियो। सडक मार्गबाट भारत छिर्दा पनि कागजपत्र चेकजाँचमा कडाइ गरिएको थियो। दूतावासकै अधिकारीबाट प्राप्त सूचनाअनुसार भारत सरकार नेपालजस्तै आन्दोलन आफ्नो देशमा पनि होला कि भन्नेमा सशंकित र सचेत सुनिन्थ्यो।

गोदी मिडिया/एंकर भनिने सरकार समर्थकहरूले त्यति वेला 'भारतमा जेन-जीहरू राष्ट्रवादी भएकाले नेपाल वा बांग्लादेशजस्तो घटना सम्भव छैन' भन्ने भाष्य बनाउन पनि नखोजेका होइनन्। नेपालको आन्दोलन अमेरिका प्रायोजित हो भन्ने भाष्य बनाउन पनि काम गरे। लगत्तै (८ असोज २०८२) पूर्ण राज्यको माग गरी जारी आन्दोलनका क्रममा लद्दाखमा भदौ २४ को नेपाल सम्झाउने घटना (आगजनी) भएपछि घटनामा प्रत्यक्ष नजोडिए पनि सोनाम वाङ्चुकलाई जेल हालिएको थियो। राष्ट्रिय सुरक्षा कानूनअन्तर्गत झ्यालखाना हालिएका उनलाई झन्डै ६ महिनापछि रिहा गरिएको थियो।

अन्ततः भारतमा जेन-जी असन्तुष्टि सडकमा छताछुल्ल भइछाड्यो, जसलाई दबाउन त्यहाँको सरकारले बल/बुद्धले भ्याएसम्म प्रयत्न गरेको थियो। दिल्लीमा सन् २०११ को 'इन्डिया अगेन्स्ट करप्सन' पछि सोमबार सम्भवतः सबैभन्दा ठूलो प्रदर्शन भयो। जेन-जी युवाको अभियान कक्रोच जनता पार्टी (सीजेपी)को आह्वानमा भएको प्रदर्शन सन् २०१४ मा नरेन्द्र मोदीले सरकारको नेतृत्व गरेको १२ वर्षपछि सबैभन्दा ठूलो सरकारीविरोधी प्रदर्शन थियो। मोदी सरकारविरुद्ध दिल्लीमा यसअघि भएका किसान आन्दोलन र राष्ट्रिय परिचय पत्रविरुद्धको आन्दोलनभन्दा व्यापक ठानिएको छ, जारी आन्दोलन।

चौबीस घण्टाभित्रै उथलपुथल गरिदिएको यहाँ जेन-जी आन्दोलनबारे भारतीयहरूमा काफी चासो थियो/छ। रास्वपाको जित र बालेन्द्र शाहको प्रधानमन्त्रीत्वलाई त्यहाँ सरकारका आलोचकहरूले केही समय भ्रमपूर्ण कुराहरू समेत समेटेर खुबै भाइरल बनाएका पनि थिए।

**१५ वर्षअघि त्यो आन्दोलन**

महाराष्ट्रका गान्धीवादी सामाजिक अभियन्ता अन्ना हजारे ५ अप्रिल २०११ को दिन दिल्लीको जन्तर-मन्तरमा आमरण अनशनमा बस्दिएका थिए- भ्रष्टाचार नियन्त्रणका लागि सरकार र नागरिक समाजका प्रतिनिधि बसेर भ्रष्टाचार नियन्त्रण गर्न कडा कानून (जनलोकपाल) मस्यौदा गर्नुपर्ने मागसहित। ऐक्यबद्धता जनाउँन राष्ट्रिय झन्डा फहराउँदै मान्छे अनशनस्थल पुगेका थिए, चौबीस घण्टे न्युज च्यानलहरू जन्तर-मन्तरमै जमेर लाइभ रिपोर्टिङ गरेका थिए। आन्दोलनमा म्यागसेसे विजेताद्वय अरविन्द केजरीवाल, किरण बेदीका साथै जनसरोकारका मुद्दालाई अदालतमा लगिरहने वकिल प्रशान्त भूषण र न्यायाधीश तथा कर्नाटकमा लोकायुक्त रहिसकेका सन्तोष हेगडे आदि सक्रिय थिए, राजनीतिक हस्ती कोही थिएनन्। आन्दोलनमा देखिएको जनचासो र ओर्लिएको जनसमर्थनले हच्किएको मनमोहन सिंह नेतृत्वको तत्कालीन सरकार नागरिक समाजका प्रतिनिधिसँगै बसेर कानूनको मस्यौदा गर्न तयार पनि भएको थियो। ९८ घण्टामै अनशन तोडियो पनि। तर जनलोकपाल विधेयक मस्यौदाबारे छलफल गर्न बसेका पाँच जना मन्त्री अनि नागरिक समाजका प्रतिनिधिहरूबीच बीचैमा सार्वजनिक भनाभन शुरू भई भाँडियो।

सामाजिक अभियन्ताबाट शुरू भएको भ्रष्टाचारविरोधी अभियान आँधीको वेगमा फैलनुमा विशिष्ट कारण थिए। सन् २००४ देखि केन्द्रको सत्तामा रहेको मनमोहन सिंह नेतृत्वमा कांग्रेससहितको गठबन्धन (यूपीए) सरकारको पालाका घोटाला त्यसैताका पर्दाफास भएका/भइरहेका थिए। राष्ट्रमण्डल (कमनवेल्थ) खेलमा घपला भएको खुलासापछि कांग्रेसको सांसदसमेत रहेका खेल आयोजक समितिका अध्यक्ष सुरेश कलमाडी जेलमा थिए। आदर्श हाउजिङ घोटालामा संलग्नता विवादमा महाराष्ट्रका मुख्यमन्त्री अशोक चव्हाणले सन् २०११ मै राजीनामा गर्नुपरेको थियो। एकपछि अर्को घोटाला खुलासा भइरहे पनि तिर स्वच्छ छविका ठानिएका प्रधानमन्त्री सिंहतिर सोझिएको थिएन। घोटालाकै लहरोमा अब आयो 'टूजी स्पेक्ट्रम'। प्रतिस्पर्धा नगराई 'पहिला आउ, लिएर जाउ' (फर्स्ट कम, फर्स्ट सर्भ)को आधारमा १२२ लाइसेन्स बिक्री गर्दा १ लाख ७६ हजार करोड भारु नोक्सानी भएको आरोप लाग्यो।

त्यसो त स्पेक्ट्रम २००८ मै बेचिएको थियो, भ्रष्टाचारको पोल र पत्र त्यहीताका खुलिरहेको थियो। संसद्देखि सडकसम्मै बहस भइरहँदा पनि स्वच्छ छविका प्रधानमन्त्रीले दूरसञ्चार मन्त्री ए राजाको राजीनामा माग्न सकेनन्। राजा सत्ता साझेदार डीएमकेका थिए, राजीनामा गराउँदा सत्ता गठबन्धन जोखिममा पर्न सक्थ्यो। सर्वोच्च अदालतले कडा टिप्पणी गरेपछि बल्ल राजाले राजीनामा गरे। फेब्रुअरी २०११ मा सीआईबीले गिरफ्तार गरेपछि १५ महिना जेल परेका थिए। डीएमकेकै सांसद तथा पार्टी सुप्रिमो करुणानिधिकी छोरी कानीमोइ पनि जेल पुगेकी थिइन् (दुवैले शुरूआती अदालतबाट सफाइ पाइसकेका छन्)।

भ्रष्टाचारविरोधी अभियानको माग थाँती नै थियो। अन्नाको नेतृत्वमा दोस्रो चरणको अनशनको तयारी शुरू भयो। १५ अगस्टको दिन अन्ना महात्मा गान्धीको समाधि राजघाट पुग्दा जुन भिड उनको पछि लाग्यो, यसपालि पनि समर्थनमा जनसागर ओर्लिने प्रष्ट थियो। तर सरकारले अनशन बस्नुअगावै अन्नालाई जेलमा कोच्दियो। टूजी स्पेक्ट्रम घोटाला आरोपमा जेलमा रहेका ए राजा, कानिमोई रहेको तिहाड जेलमै अन्नालाई राखिएपछि जनसमर्थन अर्को लेभलमा पुग्यो। अन्नाले जेलमै अनशन शुरू गरिदिए, जेलबाहिर जानसागर जम्मा हुन थालेपछि सरकारले तेस्रो दिनमै घुँडा टेक्यो। अन्ना आफ्नै शर्तमा बाहिर आए। रामलिला मैदानमा अनशन बसे।

यसैबीच महालेखा परीक्षकले कोइलाको उत्खननमा ठूलो अनियमितता भएको (कोलगेटको चर्चित काण्ड) रिपोर्ट दिएपछि मिडिया यसकै पछि दगुर्‍यो। सरकारले पहिचान गरेका कोइला खानी सरकारी कम्पनी र सरकारले तोकेका निजी कम्पनीले उत्खनन गर्ने क्रम सन १९९२ देखिनै चलिआएको थियो। तर अनुसन्धान गरिरहेको सीबीआईले सर्वोच्च अदालतले मागेअनुसार उसलाई रिपोर्ट दिँदा काननूमन्त्री अश्विनीकुमारलाई देखाएको र उनले रिपोर्टमा छेडखानीसमेत गरेको सार्वजनिक भएपछि सरकार भ्रष्टाचारको अर्को विवादमा फस्यो। सर्वोच्चले रिपोर्टको आत्मालाई नै मारिदिएको टिप्पणी गर्‍यो। विवादमा परेका मन्त्री अश्विनीकुमारसँग राजीनामा माग्न नसक्ने निरीह देखिए प्रधानमन्त्री सिंह।

आन्दोलनकै जगमा आम आदमी पार्टी (आप) बन्यो। यही आन्दोलनमा जागृत सरकारविरोधी भावनाको कारण कांग्रेस नेतृत्वको यूपीए गठबन्धन सन २०१४ को चुनावमा पराजित भयो नै, भारतमै कांग्रेसको सफायाको 'टर्निङ प्वाइन्ट' बन्यो आन्दोलन। भाजपाको एकल बहुमत आए पनि गठबन्धनको सरकार चलाएका नरेन्द्र मोदीको नेतृत्वमा सन् २०१९ मा पनि भाजपाले एकल बहुमत पुर्‍याएको थियो। 'ब्रान्ड मोदी'मा लगानी/मार्केटिङका साथै भाजपाको मजबुत संगठन/समर्पित कार्यकर्ता-स्वयंसेवी अनि साम्प्रदायिक ध्रुवीकरण जस्ता रणनीतिमार्फत मोदी सत्ता अजेयझैँ देखियो।

पछिल्लो लोकसभा चुनावमा त उनलाई देउता/देवदूत बनाउने

बाँकी पृष्ठ ३ ▸▸

## आजको राशिफल

**मेष :** विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

**बृष :** आम्दानी सामान्य भए पनि ठूलो खाँचो टर्नेछ। खर्च भए पनि विभिन्न अवसरले पछ्याउनेछन्।

**मिथुन :** नयाँ व्यवसाय सुरु गर्ने मौका छ। महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**कर्कट :** प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ।

**सिंह :** रमाइलो यात्राको अवसर जुट्न सक्छ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन समेत कसिन सक्छ।

**कन्या :** सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। व्यवसायमा लगानी बढाउने मौका जुर्न सक्छ।

**तुला :** प्रशंसकहरू बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। प्रतिस्पर्धीहरूलाई सजिलै वशमा ल्याउन सकिनेछ।

**वृश्चिक :** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। पैत्रिक सम्पत्तिको उपयोगबाट थप फाइदा उठाउन सकिनेछ।

**धनु :** विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

**मकर :** काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ।

**कुम्भ :** सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ। लगनशीलताले महत्वपूर्ण काम दिलाउन सक्छ।

**मीन :** अध्ययन अध्यापनमा प्रगति हुनेछ। बोलीको प्रभावले धेरैलाई आकर्षित गर्नुका साथै सजिलै काम बनाउन सकिनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# मधेश प्रदेशमा सवारी कर हेरफेर, विद्युतीय सार्वजनिक सवारीलाई ५० प्रतिशत छुट

अपन दैनिक संवाददाता
सिरहा, साउन ०५ गते

मधेश प्रदेश सरकारले आर्थिक ऐन, २०८३ मार्फत सवारी साधनको वार्षिक कर, दर्ता दस्तुर, नामसारी तथा नवीकरण शुल्कमा नयाँ व्यवस्था लागू गरेको छ । गृह, सञ्चार तथा कानुन मन्त्रालयले सार्वजनिक गरेको ऐनअनुसार निजी तथा सार्वजनिक सवारी साधनका लागि इन्जिन क्षमताअनुसार फरक-फरक कर




निर्धारण गरिएको छ भने सार्वजनिक तथा भाडाका विद्युतीय सवारी साधनलाई ५० प्रतिशत कर छुट दिने व्यवस्था गरिएको छ ।

नयाँ व्यवस्थाअनुसार निजी कार, जिप, भ्यान तथा माइक्रोबसको वार्षिक कर १,००० सिसीसम्मका सवारीका लागि २२ हजार रुपैयाँ कायम गरिएको छ । १,००१ देखि १,५०० सिसीसम्मका लागि २५ हजार रुपैयाँ, १,५०१ देखि २,००० सिसीसम्म २७ हजार रुपैयाँ, २,००१ देखि २,५०० सिसीसम्म ३७ हजार रुपैयाँ, २,५०१ देखि ३,००० सिसीसम्म ५० हजार रुपैयाँ तथा

बाँकी पृष्ठ ४

## जनकपुरमा मिर्गौला रोग उपचार केन्द्र ............

तयार गरेको हो ।

प्रतिवेदनअनुसार नेपालमा करिब ६.२ प्रतिशत जनसंख्या कुनै न कुनै प्रकारको मिर्गौला रोगबाट प्रभावित छन् भने मधेश प्रदेशमा निकै कम नेफ्रोलोजिस्ट कार्यरत छन् । प्रदेशमा हेमोडायलाइसिस मेसिन, विशेषज्ञ सेवा र मिर्गौला प्रत्यारोपण सेवाको पहुँच सीमित रहेकाले अधिकांश बिरामी उपचारका लागि काठमाडौं तथा अन्य प्रदेश धाउनुपर्ने अवस्था रहेको उल्लेख छ ।

समितिले केन्द्र सञ्चालनका लागि संघ, प्रदेश तथा संघ-प्रदेश सहकार्यका तीन मोडल अध्ययन गरेको थियो । त्यसमध्ये संघ र प्रदेश सरकारको सहकार्यमा सञ्चालन हुने मोडललाई सबैभन्दा उपयुक्त ठहर गर्दै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत सञ्चालन गर्न सिफारिस गरिएको छ । प्रतिवेदनमा यस मोडलबाट स्रोत व्यवस्थापन, विशेषज्ञ जनशक्ति परिचालन र सेवाको दिगोपना सुनिश्चित गर्न सहज हुने उल्लेख गरिएको छ ।

प्रस्तावअनुसार केन्द्रको कार्यान्वयन तथा व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयको नेतृत्वमा विशेषज्ञहरूको सहभागितासहित अस्पताल विकास समिति गठन गरी परियोजना अघि बढाउने अवधारणा पनि प्रस्तुत गरिएको छ ।

समितिले जनकपुरमा मिर्गौला उपचार केन्द्र स्थापना भए मधेश प्रदेशका बिरामीले आफ्नै प्रदेशमा विशेषज्ञ उपचार पाउने, काठमाडौं केन्द्रित उपचारको चाप घट्ने तथा दीर्घकालीन रूपमा स्वास्थ्य प्रणाली थप सुदृढ हुने निष्कर्ष निकालेको छ ।

## अलपत्र त्रिशुला पुलको विकल्प ..............

पतारी, ब्रह्मपुरी, हरिपुर र बलुवा गाउँका बासिन्दाले हुलाकी सडक हुँदै बरियारपट्टीसम्म पुग्न वर्षायाममा ठूलो सास्ती खेप्दै आएका थिए ।

**२० महिनाको ठेक्का, चार वर्षसम्म पनि अधुरै**

मधेश प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालय सिरहाले २० महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित २०७८ असार २१ गते ६ करोड ९१ लाख ८६ हजार २३६ रुपैयाँमा रसुवा-रोसन जेभी, जनकपुरसँग ठेक्का सम्झौता गरेको थियो । तर ठेक्का अवधि सकिएको चार वर्ष पुग्न लाग्दासमेत पुल निर्माण सम्पन्न हुन सकेको छैन ।

४५ मिटर लामो सिंगल स्पान पुलको करिब तीन महिनाअघि स्ल्याब ढलान गरिए पनि त्यसयता नदी नियन्त्रण तथा एप्रोच सडक निर्माणको काम अघि नबढेको स्थानीयको गुनासो छ ।

बरियारपट्टी गाउँपालिका-३ का वडाध्यक्ष विनोदकुमार यादवले निर्माण व्यवसायीको ढिलासुस्तीका कारण सर्वसाधारणले वर्षौंदेखि सास्ती खेप्नुपरेको बताए ।

'शिलान्यासका बेला २० महिनामै पुल सञ्चालनमा आउने भनिएको थियो,' उनले भने, 'तर चार वर्ष बितिसक्दा पनि काम किस्ताकिस्तामा भइरहेको छ, यसको सिधा असर स्थानीयले भोगिरहेका छन् ।'




## नेपालबाट निर्यात भएको जेन-जी ...............

अभियान चलाइएको थियो । "परमात्माले कुनै उद्देश्यले मलाई पठाएका हुन, यही काम फतह गर्न परमात्माले ऊर्जा दिएका हुन, मार्गदर्शन पनि गर्छन्," चुनावकै दौरान दिएको टेलिभिजन अन्तर्वार्तामा मोदीले भनेका थिए, "कुनै दैवीशक्ति, ईश्वरीय शक्तिबिना यो सम्भव छैन ।"

मोदी थप्छन्, "त्यो उद्देश्य पूरा भएपछि परमात्माले मेरो काम पनि पूरा गर्नेछन् । म परमात्मामा पूरै समर्पित छु ।"

पत्रकार सोध्छन्, "परमात्माको उद्देश्य के थियो ?"

मोदी जवाफ दिन्छन्, "परमात्माले पत्ता खोल्दैनन् नि, ममार्फत काम मात्रै गराउँछन् ।" "मेरो प्रत्यक्ष संवाद नहुने भएकाले परमात्मासँग अगाडि के काम गराउनु छ भनेर सोध्न पनि त सक्तिनँ," भनेर मोदीले परमात्माभन्दा चाहिँ आफूलाई सानै देखाए ।

"म विश्वस्त भइसकें मलाई परमात्माले पठाएका हुन,' बनारसमा गंगा नदीमा डुंगामा उभिएर दिएको अन्तर्वार्तामा मोदी थप्छन्, "यो ऊर्जा बायोलजिकल शरीरबाट प्राप्त हुँदैन, ईश्वरलाई मबाटै कुनै काम लिनुपर्ने भएकाले प्राप्त भएको हो ।"

मोदीले आफूलाई देउता नभई देवदूतसम्म दाबी गरिरहेका बेला उनकै पार्टीका प्रवक्ता तथा उडिसाको पुरीबाट उम्मेदवार सम्बित पात्राले 'भगवान् जगन्नाथ नै मोदीका भक्त हुन्' भन्दिएका थिए । पुरीमै जगन्नाथको प्रख्यात मन्दिर छ । भाजपासँग प्रतिस्पर्धा गरिरहेको उडिसाको सत्तारुढ बिजु जनता दलले चुनावी मुद्दा बनाउन थालेपछि पात्रा 'गल्तीले जिब्रो चिप्लियो' भन्ने स्पष्टीकरण दिएर उम्किएका थिए ।

**अनि आयो, सीजीपी**

मोदीले दिग्विजय गरिरहेकै वेला १६ मे २०२६ मा अमेरिकाको बोस्टन युनिभर्सिटीमा पढिरहेको युवक अभिजित दिपकेले कक्रोच जनता पार्टीको नाममा एउटा व्यङ्ग्यात्मक अभियान डिजिटल प्लेटफर्महरूमा शुरू गरेपछि भारतीय युवा उकुसमुकुसमा रहेको संकेत दिएको थियो । प्रधानन्यायाधीश सूर्यकान्तले बेन्चमै बसेर युवालक्षित 'बेरोजगार, समाजका परजीवी कक्रोचहरू' टिप्पणी गरेपछि अभिजितले डिजिटल अभियान शुरू गर्दा चकित पार्नेखाले साथ-समर्थन पाएको थियो । उनले बनाएको अकाउन्टलाई इन्स्टाग्राममा एक हप्तामै २ करोडले फलो गरेका थिए ।

उत्साही भई भारत फर्किएका उनले 'पेपरलिक'लाई 'सिंगल प्वाइन्ट अजेन्डा' बनाएर अभियान शुरू गरेका थिए । शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामालाई 'बटमलाइन' बनाएका थिए । दिल्लीका साथै प्रमुख शहरहरूमा उनको विरोध प्रदर्शन र शिक्षा मन्त्रीको राजीनामाको माग उल्कापात भिडभाड नभएपछि केही उखाड्दैनन् भन्ठानेर त्यहाँको सरकारले बाल दिएको थिएन । २८ जूनदेखि सोनम वाङचुक अनशनमा बसेपछि पनि आन्दोलनलाई सरकारले वार्तायोग्य नै ठानेन । ठानोस पनि कसरी यहाँ छ महिना-वर्ष दिनमा फेरिने सरकारका प्रमुखमा (खासगरीकन केपी ओली) त त्यस्तो अहंकार त्यहाँ त १२ वर्षदेखि अनवरत सरकारमा छ । अभेद्य मानिँदै आएको पश्चिम बंगालमा पनि पछिल्लो समय उसकै सरकार बनेको छ ।

वाङचुक मरे मरोसजसरी बेवास्ता गरिरहेको सरकारले उनको स्वास्थ्यलाई लिएर चौतर्फी चासो र चिन्ता प्रकट हुन थालेपछि २० दिनपछि (१८ जुलाई) मा जबरजस्ती उठाएर अस्पतालमा भर्ना गरिदिएको थियो । तर वाङचुकलाई उठाएपछि आन्दोलनमा उभार देखिन थाल्यो । यसपछि बल्ल सरकारले घुँडा नटेके पनि ढाड हल्का झुकाएको छ । स्वास्थ्यमन्त्री (भाजपाको निवर्तमान राष्ट्रिय अध्यक्ष) जयप्रकाश नड्डाले कक्रोचका प्रतिनिधिहरूसँग वार्ता शुरू गरेका छन् । अस्पताल पुगेर सोमबारको प्रदर्शनमा घाइतेहरूलाई भेटेका छन् ।

सन् २०११ को इन्डिया अगेन्स्ट करप्शनलाई प्रभावशाली र देशव्यापी बनाउनेमा मिडिया (अझ २४ घण्टे न्युज च्यानलहरू) अग्रपंक्तिमा थिए । न्युज च्यानलहरूले सत्याग्रहस्थलबाटै लाइभ रिपोर्टिङ गरिरहन्थे । त्यसलाई फैलाउन फेसबुकले पनि काम गरेको थियो । भारतका धेरैजसो न्युज च्यानलहरू मोदी सरकार बनेपछि नै सरकार समर्थक गोदी मिडिया भएको कारण तिनले यसपालि आन्दोलनलाई बेवास्ता गरे या बदनाम गर्ने बहाना खोजे । जस्तै भाजपा सत्ताको कडा आलोचक कुणाल कामरा (कमेडियन)ले जन्तर मन्तरमा आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदा बोलेको 'सीताके पतिके नाम लेके नीताका पतिका काम करते हैं' (रामको नाम लिँदै मुकेश अम्बानीको लागि काम गर्छ)लाई लिएर हिन्दू आस्थाउपर प्रहार भन्दै अभियानलाई बदनाम गर्ने प्रयत्न गरेका थिए । अहिलेको उभारमा जेन-जीहरूको सबैभन्दा प्रिय 'इन्स्टाग्राम' सबैभन्दा प्रभावकारी ठानिएको छ । भाजपा सत्ताप्रति आलोचक युट्युबरहरूले पनि उभार ल्याउन काफी भूमिका खेले । भारतीय टेलिभिजन पत्रकारिताबाटै उदाएका रविशकुमार, आकाश बनर्जी आदि टेलिभिजनमा भन्दा बढी हेरिने कन्टेन्टका साथ युट्युबमा छन् भने ध्रुव राठी त सबैभन्दा अघि भइहाले । सत्ताको आलोचक युट्युबरहरूले त्यही भूमिका खेले जुन १५ वर्षअघि टेलिभिजन न्युज च्यानलहरूले खेलेका थिए । कतिपय युट्युबर त उति वेला टेलिभिजन रिपोर्टरकै रूपमा रिपोर्टिङ गरेकाहरू छन् । कक्रोच आन्दोलनले शुरूदेखि नै टेलिभिजन च्यानलहरूलाई गोदी मिडिया भन्दै बहिष्कृत र खलनायकीकरण गरेका थिए । अभिजितले त गोदी मिडियालाई त अन्तर्वार्ता नदिने घोषणै गरेका थिए । जारी आन्दोलनले गोदी मिडियाको 'टीआरपी' थप खुम्च्याउने अनि सत्ताको आलोचक युट्युबरहरूको 'भ्युज' बढाउने देखिएको छ ।

प्रदर्शनमा सहभागीहरूका कुरा सुन्दा लामो समयदेखिको उकुसमुकुसलाई निकासी दिएको जस्तो देखिन्छ । लामो-लामो रेलयात्रा गरेर युवाहरू प्रदर्शनमा सहभागी हुन दिल्ली पुगेको सुनिन्छ । एक जना युवा बिहारको सीतामढी जिल्ला (सर्लाही-महोत्तरीको पारिपट्टि)बाट प्रदर्शनमा सहभागी हुन आएको सुनाइरहेका थिए । हरियाणाबाट रातभरको बसयात्रा गरी पाँच जनाको समूहमा आएकाहरू प्रदर्शनस्थलमा रोटी खाइरहेका भेटिन्छन्, कम खर्चमा आएको कारण घरबाटै रोटी बोकेर आएको सुनाउँछन् । देश-विदेशका ख्यातनाम युनिभर्सिटी पढेका जेन-जीहरू पनि बग्रेल्ती भेटाएका छन्, बाइट लिँदै हिँड्ने युट्युबहरूले । सोमबार संसद् भवनतर्फ मार्च गर्न निस्किँदा सुरक्षाकर्मीको लट्ठी र अश्रुग्यास खानपरेपछि तिनको मन झनै फाटेको सुनिन्छ । सन् २०११ मा पनि लोकसभा चुनावको तीन वर्षअघि जन्तर मन्तरबाट शुरू भएको असन्तुष्टिको भेलले कांग्रेसको सफाया गरेको थियो, यसपालि पनि तीन वर्षअघि नै असन्तुष्टि जन्तर मन्तरबाटै शुरू भएको छ । मोदी युग अन्त्यको टर्निङ प्वाइन्ट हुन्छ हुन्न अहिल्यै भन्न सकिन्न ।

## बिमा लेख हरायो

मिति २०८२/०९/२१ मेरो निम्न ब्यहोरा भएको सानिमा रिलाईन्स लाईफ इन्स्योरेन्सबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ ।

नाम : रामकुमार यादव
पोलिसी नं.: २०३००००००६०१
मो.नं. : ९८६३९६६५३९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | PLI१३३००१४०४७ | सबु तामाङ्ग | जाँते ०३ मोरङ्ग |

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

## मधेश प्रदेशमा सवारी कर हेरफेर, विद्युतीय ..............

३,००१ सिसीभन्दा माथिका सवारीका लागि ६० हजार रुपैयाँ वार्षिक कर तोकिएको छ।

मोटरसाइकलतर्फ १२५ सिसी सम्मका लागि ३ हजार रुपैयाँ, १२५-१६० सिसीसम्म ५ हजार रुपैयाँ, १६०-२५० सिसीसम्म ६ हजार ५०० रुपैयाँ, २५०-४०० सिसीसम्म ११ हजार रुपैयाँ तथा ४०० सिसीभन्दा माथिका मोटरसाइकलका लागि २० हजार रुपैयाँ वार्षिक कर निर्धारण गरिएको छ।

हेभी तथा निर्माण उपकरणअन्तर्गत डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर तथा क्रेनका लागि ४० हजार रुपैयाँ, मिनी इक्विपमेन्टका लागि ३० हजार रुपैयाँ, ट्र्याक्टरका लागि ५ हजार ५०० रुपैयाँ, पावर टिलरका लागि ४ हजार ५०० रुपैयाँ, अटो रिक्सा, श्री हीलर र टेम्पोका लागि ४ हजार रुपैयाँ, मिनिट्रक तथा मिनिबसका लागि २७ हजार रुपैयाँ र ट्रक, बस तथा ट्याङ्करका लागि ३५ हजार रुपैयाँ कर तोकिएको छ।

सार्वजनिक सवारी साधनतर्फ भने निजीभन्दा कम दर कायम गरिएको छ। १,००० सिसीसम्मका कार, जिप, भ्यान तथा माइक्रोबसका लागि ११ हजार रुपैयाँदेखि ३,००० सिसीभन्दा माथिका सवारीका लागि २० हजार रुपैयाँसम्म वार्षिक कर निर्धारण गरिएको छ। ट्रिपर, डोजर, एक्साभेटर, लोडर, रोलर तथा क्रेनका लागि २१ हजार रुपैयाँ, ट्रक, बस, ट्याङ्कर तथा ग्यास बुलेटका लागि २० हजार रुपैयाँ तथा मिनिट्रक र मिनिबसका लागि १५ हजार ५०० रुपैयाँ कर तोकिएको छ।

ऐनले सार्वजनिक तथा भाडाका विद्युतीय सवारी साधनमा ५० प्रतिशत कर छुट दिने विशेष व्यवस्था गरेको छ। यसले वातावरणमैत्री यातायातको प्रयोगलाई प्रोत्साहन गर्ने सरकारको नीति झल्काएको छ।

यस्तै, नयाँ दर्ता, सरुवा सहमति तथा लिलामी दर्ताका लागि ठूला सवारीमा १ हजार ५०० रुपैयाँ, मझौला र साना सवारीमा १ हजार रुपैयाँ तथा निजी मोटरसाइकल/स्कुटरमा ५०० रुपैयाँ दर्ता दस्तुर तोकिएको छ। सवारी नामसारी गर्दा ठूला सवारीका लागि १ हजार रुपैयाँ, मझौला सवारीका लागि ८०० रुपैयाँ र साना सवारीका लागि ७०० रुपैयाँ शुल्क लाग्नेछ। विदेशमा दर्ता भएका सवारी साधन नेपालमा चलाउन अनुमति लिँदा ठूला तथा मझौला सवारीका लागि १ हजार ५०० रुपैयाँ र साना सवारीका लागि ५०० रुपैयाँ दस्तुर लाग्ने व्यवस्था गरिएको छ।

आर्थिक ऐन, २०८३ ले पैठारी भई पहिलो पटक दर्ता हुने सवारीको मूल्य निर्धारण भन्सार कार्यालयले कायम गरेको मूल्य तथा लागेका सम्पूर्ण महसुलका आधारमा हुने तथा बिक्रीका क्रममा मूल्य अभिवृद्धि कर (भ्याट) सहितको मूल्यलाई आधार मानिने व्यवस्था समेत गरेको छ।




## शिक्षा र स्वास्थ्यमा कर लगाउने आफ्नै निर्णयबाट .............

बजेटका सन्दर्भमा यसपछि पनि पटक-पटकको छलफलमा आफूले यस्तो कर लगाउन नहुने सुझाव दिएको उनले बताए। अहिलेकै करको दायराबाट सयौं अर्ब कर उठाउने स्पेस रहेको उल्लेख गर्दै खनालले सरकारले कर उठाउने सजिलो बाटो खोजेको उनले आरोप लगाए।

**आफ्नै निर्णयबाट एकाएक सरकार किन पछि हट्यो ?**

कर लगाउने आफ्नै निर्णयबाट सरकार एकाएक पछि हट्नुमा मुख्य तीन कारण देखिन्छ। पहिलो- चौतर्फी जनविरोध, दोस्रो- सरकार र पार्टीभित्रको अन्तरसंघर्ष र अपरिपक्वताको महसुस।

अर्थमन्त्री वाग्ले आर्थिक क्षेत्रका निकै जानकार र विज्ञ मानिन्छन्। तर, उनै विज्ञ मन्त्रीले ल्याएको पहिलो बजेट नै आलोचनामुक्त रहन सकेन। अन्ततः केही नीतिहरूमा सरकार पछि नै हट्न बाध्य भयो।

यसले रास्वपा सरकारमाथि अपरिपक्वता प्रदर्शन गरेको आरोप लागेको छ। अर्थमन्त्री वाग्लेले शिक्षा र स्वास्थ्यजस्तो अति संवेदनशील क्षेत्रसँगै बिजुलीमा अतिरिक्त कर लगाएर आमसर्वसाधारण, गरिब वर्गमाथि ज्यादति गरेको आरोप खेपिरहेका छन्, जुन जनभावना र अभिमतविरुद्धको कदम रहेको अर्थविद् डिल्लीराज खनालको भनाइ छ।

**पार्टीभित्रको अन्तरसंघर्ष**

शिक्षा र स्वास्थ्यमा लगाइएको कर तत्काल लागू नगर्ने निर्णयमा सरकार पुग्नुलाई पार्टीभित्रको अन्तरसंघर्षको एक प्रमुख कारण पनि मानिएको छ। पछिल्लोपटक रास्वपाभित्र सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेनबीच बढ्दै गएको तिक्तताले सरकार सञ्चालनमा समेत असर गरेको र प्रधानमन्त्री बालेन र अर्थमन्त्री वाग्लेको सम्बन्धमा दरार उत्पन्न गरेको चर्चा छ।

थप, बजेटमार्फत अर्थमन्त्री वाग्लेले शिक्षा, स्वास्थ्य र बिजुलीमा कर लगाएर सरकारलाई असफल बनाउने बाटोमा लागेको भन्दै प्रधानमन्त्री बालेन वाग्लेप्रति रुस्ट भएको उनीनिकट स्रोतको दाबी छ।

केही दिनयता चलेको चर्चा अन्ततः प्रधानमन्त्री बालेनले सार्वजनिक गरेको एक स्टाटसबाट पुष्टि गरेको छ। यद्यपि, यो सरकारको निर्णय हो। फेसबुक स्टाटसबाट सार्वजनिक निर्णयको आधिकारिकता भने आउन बाँकी नै छ।

**गुरुहरुप्रति सम्मान व्यक्त गरौं**

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं।
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं।
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं।
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं।
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं।
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं।
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं।
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# २५ महिना लामो 'कोल्ड वार' तोड्दै फेरि एकै ठाउँमा ओली-प्रचण्ड

अपन दैनिक संवाददाता
सिरहा, साउन ०५ गते



केन्द्रमा उदय भएको नयाँ शक्ति रास्वपाका कारण रक्षात्मक बनेका दुई कम्युनिस्ट दलहरू नेकपा एमाले र नेकपा २५ महिनापछि पुनः प्रदेश सरकारमार्फत सत्ता सहयात्रामा फर्कने भएका छन्।

एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' बीच ललितपुरमा भएको झन्डै तीन घण्टा लामो सघन वार्तापछि प्रदेशहरूमा नयाँ वाम गठबन्धन बन्ने निश्चित भएको हो।

नेपाली कांग्रेस र एमालेबीचको गठबन्धन टुटेपछि यी दुई कम्युनिस्ट घटकहरू पुनः नजिकिएका हुन्। नेकपा र एमाले दुवै कांग्रेससहितको तीन दलीय सहकार्यका पक्षमा रहे पनि कांग्रेस सभापति गगन थापाले प्रतिपक्षमा बस्ने अडान लिएपछि वाम गठबन्धनको विकल्प नरहेको निष्कर्षमा नेताहरू पुगेका हुन्।

एमालेसँग सहकार्यको कोर्स अघि बढेको पुष्टि गर्दै मंगलबार साँझ जनकपुरधाम विमानस्थलमा संयोजक प्रचण्डले भने, 'हाम्रो पार्टी र एमालेबीच सहकार्यको प्रक्रिया औपचारिक रूपमा अघि बढेको छ।'

ओलीसँगको गोप्य भेटलगत्तै प्रचण्डले कोशी प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्र राई र संसदीय दलका नेता इन्द्र आङ्बोसँग ब्रिफिङ गरेका थिए। नेता आङ्बोका अनुसार कांग्रेसले तीन दल मिलेर प्रदेशमा सरकार चलाउन अस्वीकार गरेपछि प्रदेशसभा जोगाउन एमालेसँग मिल्नुको विकल्प नरहेको प्रचण्डको भनाइ थियो।

कांग्रेस प्रतिपक्षमा बस्ने भएपछि सुदूरपश्चिम, कर्णाली र बागमतीमा सरकार पुनर्गठनको खेल सुरु भइसकेको छ भने कोशी र लुम्बिनीमा पनि यसैको तरंग छ।

एमाले सचिव महेश बस्नेतले पनि सामाजिक सञ्जालमार्फत ओली र प्रचण्डबीचको भेटघाट सकारात्मक रहेको र यसले सहकार्यलाई औपचारिक मोड दिएको उल्लेख गरेका छन्।

उनले लेखेका छन्, 'यो सहकार्य प्रदेश सरकार निर्माणमा मात्र सीमित नभई मुलुकको हित, राजनीतिक स्थायित्व र कम्युनिस्ट शक्तिहरूबीचको बृहत्तर एकताका लागि सकारात्मक पाइला बन्न सकोस्।'

यसअघि यो सहकार्यले २०७९ साल फागुन १५ गते राष्ट्रपतिको निर्वाचनका क्रममा टुटेको थियो। त्यसयता केन्द्रमा धेरै राजनीतिक उतारचढाव आए। २०८२ भदौमा भएको जेनजी आन्दोलन पश्चात् ओली नेतृत्वको सरकार ढलेर भएको २०८२ फागुन २१ को निर्वाचनमा रास्वपाले ठूलो बहुमत ल्याएपछि एमाले, कांग्रेस र नेकपा केन्द्रमा सानो संख्यामा खुम्चिँदै विपक्षमा पुगेका थिए। तर, प्रदेशहरूमा भने यी दलहरू अझै निर्णायक छन्।

ओलीलाई भेटेर जनकपुर आइपुगेका संयोजक प्रचण्ड बुधबार हुने मधेश प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रममा सहभागी हुनेछन्। उक्त कार्यक्रमलाई प्रचण्डसँगै नेकपा सहसंयोजक माधवकुमार नेपाल र वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

यस प्रशिक्षण लगत्तै वामपन्थी सहकार्यले थप औपचारिक रूप लिने नेताहरूले बताएका छन्।

## नहरको निकास थुन्दा डुब्यो डरौल गाउँ ............

बेतो नदी तथा वर्षाको पानीले निकास नपाउँदा करिब २०० घरपरिवार र झन्डै २०० बिघा खेतीयोग्य जमिन प्रभावित भएको स्थानीयले बताएका छन्।

स्थानीयका अनुसार परमेश्वरी चौधरी, बिक्रु कलवार र भगती यादव (मलुका)को जमिनबाट वर्षौंदेखि नहरको पानी निकास हुँदैआएको थियो। त्यहाँ रहेको निाकस बन्द गरिएपछि वर्षाको पानी गाउँभरि जम्न थालेको हो।

डुबानका कारण धान रोप्न नपाएको र खेतीयोग्य जमिन बाँझो रहने अवस्था आएको स्थानीयले गुनासो गरेका छन्। घर-आँगनमा पानी जम्दा दैनिक जनजीवन पनि प्रभावित बनेको छ, भने आवतजावतमा समस्या बढ्दैगएको छ।

वर्षौंदेखि त्यहींबाट पानी बग्दैआएको थियो। अहिले निकास बन्द भएपछि गाउँ नै डुबानमा परेको छ,' स्थानीय विहारी यादवले भने, 'घरभित्र पानी पस्न थालेको छ, खेतीबाली नष्ट हुँदैगएको छ।'

अर्का स्थानीय राजेश यादवले २० औं वर्षदेखिको निकास केही व्यक्तिले पहुँचको भरमा बन्द गरिदिँदा सिंगो गाउँले दुःख पाएको बताए।

खर्की स्थानीय सितादेवी महराले पटक-पटक सरोकारवाला निकायमा जानकारी गराउँदा कुनै ठोस पहल नभएको गुनासो गरिन्। 'पानीको निकास तत्काल खुलाइएन भने अझ ठूलो क्षति हुनेछ,' उनले भनिन्।

मजदुरी गरेर खानेको कसैले नसुन्ने भन्दै उनको गुनासो छ।

'घरभित्र पानी पस्दा खाना पकाउनसमेत समस्या भएको छ। चार कठ्ठा खेतीयोग्य जमिन डुबानमा परेको छ। वडा अध्यक्षलाई भन्दा 'मबाट हुँदैन' भन्ने जवाफ आउँछ,' अर्की स्थानीय सवित्री महराले भनिन्।

यता, कल्याणपुर नगरपालिका-४ का वडा अध्यक्ष परजित यादवले नागरिकको समस्यालाई गम्भीर रूपमा लिएर सबै तहमा पहल भइरहेको बताए। उनले यसबारे नगरपालिका, जिल्ला प्रशासन कार्यालय र संघीय सांसदहरू पुरुषोत्तम यादव र तपेश्वर यादवलाई समेत जानकारी गराइएको बताए।

जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले प्रशासनले समस्या समाधानका लागि समन्वय गरिरहेको जानकारी दिए।

'वर्षौंदेखि बगिरहेको नहर पुनः सञ्चालन गराउने प्रयास भइरहेको छ। जग्गाधनी, स्थानीय तथा जनप्रतिनिधिसँग समन्वय गरेर निकास खुलाउने पहल भइरहेको छ,' उनले भने।

स्थानीयवासीले नहरको मुहान तत्काल खुलाएर पानीको सहज निकासको व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गरेका छन्। ढिलाइ भए डुबानको समस्या अझ गम्भीर हुने भन्दै उनीहरूले तत्काल स्थलगत अनुगमन गरी प्रभावकारी समाधान गर्न पनि आग्रह गरिरहेका छन्।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका

